## अन्य कामको अवस्थाहरुलाई समर्थन गर्नुहोला...

**मलाई कर फाईल नंम्बरको आवश्यकता परेको छ**

- **Australian Taxation Office** (ATO) को वेभसाईटमा कसरी निवेदन गर्ने भन्ने बामा जानकारी उपलब्ध छ।

**मलाई NSW सरकार(ट्राफिक जरिवाना) भुक्तानी गर्नकोलगि मुस्किल भैरहेको छ।**

- **Revenue NSW** ले तपाई संग विकल्पहरुको बारेमा छलफल गर्न सक्दछ, जसमा काम र विकासका आदेशहरु पर्न सक्दछ, जहाँ मान्यता प्राप्त संस्थामा बेतलबी काम गरेर तपाईको जरिवाना मिनाह हुनेछ वा केहि निश्चित कोर्श वा उपचारमा सहभागी भएर।

## तपाईको संवाद(कुराकानी)को लागि समर्थनको आवश्यकता परेको छ...

**मलाई एउटा दोभाषेको आवश्यकता परेको छ**

- **Translating and Interpreting Service (TIS National)** ले अंग्रेजी बोल्न नसक्ने व्यक्तीहरुको लागि सहयोग गर्दछ र प्रायजसो सबै सेवाहरु निशुल्कः उपलब्ध छन्।

**मेरो सुन्ने वा बोल्ने समस्या छ र सहयोग को खाँचो परेको छ**

- **National Relay Service** ले फोन सेवा उपलब्ध गराँउदछ र फोनहरु बिभिन्न साधनहरुद्वारा उपलब्ध गराँउदछ कम्प्युटर, ट्याब्लेट, मोबाईल फोन, वा साधारण फोन वा TTY (टेली टाईपराईर)।

## तपाईको मानसिक स्वास्थको लागि समर्थनको आवश्यक परेकोछ...

**म कसैसंग कुरा गर्नु पर्दछ**

- **Youth Beyond Blue** ले अत्तालिने, डिप्रेशन र १२-२५ उमेरका युवायुवतीहरुको आत्महत्याको बारेमा जानकारी उपलब्ध गराउन सक्दछ। वेभ: www.youthbeyondblue.com फोन: 1300 22 4635
- **Lifeline** मा २४ घण्टानै व्यक्तीगत समस्या परेका व्यक्तीहरुको लागि टेवा र आत्हत्याबाट बाचाउनेसेवा उपलब्ध छ। वेभ: www.lifeline.org.au फोन: 13 11 14
- **Headspace** केन्द्रले स्वास्थ सेवाका कामदारहर- जि पी, मनोवैज्ञानिक, सामजिक कार्यकर्ता, रक्सी र लागु पदार्थका कामदाहरु, सल्लाहकार वा युवा कार्यकर्ताहरुमा पहुँच गराँउदछ। वेभः www.headspace.org.au
- **eheadspace** ले हप्ताको सातै दिन बिहान ९.०० बजे देखी दिउँसो १.०० बजे सम्म गोप्य टेवाहरु उपलब्ध गराँउदछ। वेभ:www.eheadspace.org.au
- **Reachout** ले विशेषगरी युवाहरुको लागि डिजाईन गरिएको तथ्य पत्रहरु, फोरमहरु उपलब्ध गराँउदछ। वेभ: www.reachout.com.au
- **Mental Health Line** ले मानशिक स्वास्थ पेशेवारहरु संग सम्पर्क गराईदिन्छ। फोन:1800 011 511
- **Kids Help Line** ले ५-२५ वर्ष उमेरकाहरुको लागि निजी र गोप्य, फोन परामर्श उपलब्ध गराँउदछ। फोन: 1800 551 800
- **Suicide Call Back Service** ले दिनको २४ घण्टानै निशुल्कः फोन, भिडियो र अनलाई परामर्श उपलब्ध गराँउदछ। फोन:1300 659 467

**यदि तपाई ईमरजेन्सीमा हुनुहुन्छ र तत्काल सेवाको जरुरी परेको छ भने ००० मा फोन गर्नुहोला**

## सम्पर्क

**SafeWork NSW**
W: www.safework.nsw.gov.au
**फोन:** 13 10 50
**ई-मेल:** contact@safework.nsw.gov.au

**icare**
W: eml.com.au/make-a-claim
**फोन:** 13 77 22
**ई-मेल:** newclaims@eml.com.au

**SIRA**
W: www.sira.nsw.gov.au
**फोन:** 13 10 50
**ई-मेल:** contact@sira.nsw.gov.au

**WIRO**
W: www.wiro.nsw.gov.au
फोन: 13 94 76
ई-मेल: complaints@wiro.nsw.gov.au

**Fair Work Commission**
W: www.fwc.gov.au
**फोन:** 1300 799 675 (कार्यालय समय बाहिरको ईमेजेन्सी 0419 318 011)
**ई-मेल:** sydney@fwc.gov.au

**Fair Work Ombudsman**
W: www.fairwork.gov.au
**फोन:** 13 13 94

**Lawstuff**
W: www.lawstuff.org.au
**फोन:** 9385 9588
**ई-मेल:** admin@ncylc.org.au

**Human Rights Commission**
W: www.humanrights.gov.au
फोन: 1300 656 419
**ई-मेल:** complaintsinfo@humanrights.gov.au

**Office of eSafety Commissioner**
W: www.esafety.gov.au
**फोन:** 1800 880 176

**NSW Police**
फोन: 131 444 (साधारण सोधपुछ)

**NSW Ombudsman**
W: www.ombo.nsw.gov.au
**फोन:** 1800 451 524
**ई-मेल:** nswombo@ombo.nsw.gov.au

**Anti-Discrimination Board**
W: www.antidiscrimination.justice.nsw.gov.au
**फोन:** 1800 670 812
**ई-मेल:** complaintsadb@justice.nsw.gov.au

**Australian Taxation Office**
W: www.ato.gov.au

**Revenue NSW**
W: www.revenue.nsw.gov.au
('working order' खोज्नुहोला)

**Translation Information Service**
W: www.tisnational.gov.au
**फोन:** 131 450 (२४ घण्टे सेवा)

**National Relay Service**
(24 घंटे की सेवा)
इन्टरनेट /कैप्शन के साथ रिले फ़ोन: www.internet-relay.nrscall.gov.au
TTY/ध्वनी कल: 133 677
बोल्ने र सुन्ने: 555 727
SMS रिले: 0423 677 767

SW08977 0519



NSW GOVERNMENT

**Nepali**

# काममा समर्थन हासिल गर्ने

SAFEWORK NSW

यदि तपाईलाई काममा कुनै गाह्रो परिस्थितिको सामना गरिरहनु परेमा बिभिन्न समर्थन र जानकारी उपलब्ध छन्।

**यो गाईड तपाईलाई आवश्यक परेको समर्थन हासिल गर्ने प्रारम्भिक विन्दु हो।**

## तपाईको कार्यस्थलको स्वास्थ र सुरक्षाको समर्थनको लागि...

### मलाई लाग्छ म काममा घाईते हुन सक्छु (उदारहणको लागि – मेरो अवश्थाहरु सुरक्षित छैनन् वा मैले सहि तालिम हासिल गरेको छैन)

- **SafeWork NSW** ले काममा तपाईको सुरक्षा अधिकारको बारेमा र यदि तपाई वा अन्य सहकर्मीहरुलाई खतरा छ भन्ने लागेमा उल्लेख गर्न सक्दछ।

### म कामबाट घाईते, वा विरामी भएको छु

- तपाईको रोजगारदातालाई जानकारी गराउनुहोला।
- यदि तपाई कार्य स्थलमा घाईते हुनुभएको छ भने तपाईलाई मेडिकल उपचार वा तलब सोधभर्नाकोलागि **icare** ले मद्दत गर्न सक्दछ।
- **प्रान्तिय वीमा परियोजना निकाय** (**State Insurance Regulatory Authority** (SIRA)) ले तपाईको रोजगारदाता वा मेडिकल प्रबन्धकहरु संगको उजुरी व जिज्ञासाहरुलाई जवाफ दिनकोलागि मद्दत गर्न सक्दछ।
- **कामदारहरुको सोधभर्ना स्वतन्त्र पुनरावलोकन कार्यालय** (**Workers Compensation Independent Review Office** (WIRO)) ले वीमा गर्ने संस्थाहरु संगको सोधपुछ वा उजुरीको जवाफ दिनको लागि मद्दत गर्न सक्दछ।

### मलाई लाग्छ मेरो काममा मलाई हेपाईको सामना गर्नु परेको छ (साईवर –बुलिङ्ग वा तस्वीरमा – आधारित अपहेलना लगाएत)

- **SafeWork NSW** ले यदि तपाईलाई अपहेलना भैरहेको थाहा छ र त्यसको बारेमा के गर्न सकिन्छ भन्ने बारेमा मद्दत गर्न सक्दछ।
- **Fair Work Commission** ले अपहेलना गर्न सोक्ने आदेश जारी गर्न सक्दछ (निवेदन शुल्कः), वा सुल्झाउनको लागि मध्यस्थता गर्न सक्दछ।
- **Office of the eSafety Commissioner** ले साईवर –बुलिङ्ग वा तस्वीरमा – आधारित अपहेलनाको बारेमा मद्दत गर्न सक्दछ।
- **NSW Police** ले तपाईको गोप्य तस्वीर वा भिडियो आदान प्रदान गर्ने व्यक्तीलाई आपराधिक मुद्दा जाहेर गर्न सक्दछ।

### मलाई लाग्छ मेरो कार्यस्थलमा मलाई भेदभाव गरिएको छ

- **Australian Human Rights Commission** ले भेदभाव वा अपहेलनाको उजुरीको लागि मद्दत गर्न सक्दछ उदारहणको लागि – राजनैतिक विचारधारा वा धर्मको कारण।
- **Anti-Discrimination Boar**d ले उमेर, लैंङ्गिक, जाति वा लैङ्गिक भेदभावको उजुरीकोलागि मद्दत गर्न सक्दछ।

### मैले मेरो काममा हिंसा वा हिंसाको खतरा अनुभव गरेको छु (ग्रहाक वा कामकै व्यक्तिहरुबाट)

- यदि तपाईलाई असुरक्षित अनुभव भएमा **NSW Police** लाई ००० मा फोन गर्नुहोला।
- यदि तपाईलाई आफु वा अन्य व्याक्तीहरु यदि काममा खतरामा छ भन्ने लागेमा **SafeWork NSW** ले तपाईलाई काममा सुरक्षाको अधिकार र त्यसको लागि समर्थन गर्दछ।



## तपाईको कार्यस्थलको हासिल गनुपर्ने अधिकारको लागि समर्थन...

### मलाई मेरो रोजगारदाता(मालिक) वा सुपरभाईजरले कार्यस्थलमा भएको दुर्घटना पछि काम फर्किन दिएन

- **SafeWork NSW** तपाईलाई सञ्चो भैरेको बेलाको लागि आफुलाई सुहाऊँदो काम दिनको लागि मालिक संग कुरा गरिदिनेछ।

### मलाई लाग्छ मलाई अनुचित रुपमा हटाईएको छ वा काम छोड्न बाध्य बनाईएको छ

- यदि तपाईलाई कामबाट बर्खास्त गरिएको छ (तपाईले बर्खस्त गरिएको २१ दिन भित्रमा निवेदन अनिवार्य रुपमा पेश गरि सक्नुपर्नेछ) भने **Fair Work Commission** ले मद्दत गर्न सक्दछ।

### मलाइ लाग्छ मलाई सहि तलब दिईएको छैन, सहि बिदा दिएको छैन, वा अन्य मैले पाउनु पर्ने कुराहरु पाएको छैन

- बेतलब लगाएतका तपाईको कार्यस्थलको अधिकार र हकको बारेमा **Fair Work Ombudsman** ले भन्नेछ (शुरुमा परिक्षणको लागि लगाईएको काम), तलब भुक्तानीको पर्चा हासिल गर्ने र काम संग सम्बन्धित कुराहरु खरिद गर्ने(उदारहणको लागि- पोशाक)।तपाईले पाउनुपर्ने के हो त्यो हिसाब गर्नकोलागि तलब र छुट्टी हिसाबको क्यालकुलेटर प्रयोग गर्नुहोला।

### मलाई लाग्छ मेरो कामदार दर्घटनाको भुक्तानी (workers compensation payment) गलत रकम भुक्तानी गरिएको छ।।

- **Workers Compensation Independent Review Office** ले तपाईको वीमा मा सम्पर्क गरेर तपाईको भुक्तानी सहि छ छैन हेर्न सक्दछ।।

### म मेरो कानूनी अधिकार र जिम्बेवारी जान्न चाहान्छु

- तपाईको कानूनी अधिकार र जिम्बेवारीको बारेमा सुझाव र जानकारी **LawStuff** ले दिन सक्दछ।



### NSW सरकारी एजेन्सी वा सामुदायिक सेवा संस्था(उदारहणकोलागि NSW प्रहरी, TAFE NSW, NSWको सार्वजनिक विश्वविद्यालयहरु, स्थानिय परिषद्, Rail Corp) ले मलाई गरेको व्यवहार प्रती म खुशी छैन।

- यदि **NSW** सरकारी एजेन्सी वा सामुदायिक सेवा संस्था ले तपाईलाई गरेको व्यवहार प्रती म खुशी छैन भने **NSW Ombudsman** ले पुनरावलोकन गर्न सक्दछ।